जि.प्र.का.का.द.नं. ३२०-०५७/०५८

मानवअधिकार एलाइन्स
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल

Human Rights Alliance
National Alliance for Human Rights and Social Justice, Nepal

**प्रेस विज्ञप्ति**

२०६९ भदौ २४ गते

## मानवअधिकार उल्लङ्घनको आरोपिलाई उन्मुक्ति नदेऊ

करिब दुई वर्ष अगाडि रुपन्देही जिल्लाका प्रचण्ड थैबको हत्याको आरोपी सुजित वि.क.को मुद्दा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेको भन्ने खबर सुन्नमा आएकोमा यस विषयमा मानवअधिकार एलाइन्सको गम्भीर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सरकारलाई मानवअधिकार उल्लङ्घनका घटनासग सम्बन्धित मुद्दाहरू यो वा त्यो वहानामा फिर्ता नलिन पटक-पटक आग्रह गर्दाकसमेत वेवस्ता गरी एकपछि अर्को मुद्दा फिर्ता लिने कसरत गरेको हुादा सरकार मानवअधिकारको संरक्षण, सम्बर्द्धन र परिपालनमा अनिच्छुक देखिएको आभास जनमानसमा फैलिएको छ । यस्तो कार्य सम्मानित सर्वोच्च अदालतको मिति २०६८ साल चैत्र महिनाको मानवअधिकार उल्लङघनका मुद्दा फिर्ता नलिन राज्यलाई दिएको आदेशसमेतको पालना नगरेको ठहरिन्छ ।

तसर्थ, मानवअधिकार एलाइन्स सरकारको यस्तो कार्यप्रति घोर आपत्ति जनाई भर्त्सना गर्दछ । साथै मानवअधिकार उल्लंघनका दोषि जो कसैलाई पनि कानुनी कारवाही गरी पीडितलाई उचित राहत दिन हार्दिक आग्रह गर्दछ । र, भविष्यमा मानवअधिकारको पूर्ण सम्मान गर्न लोकतान्त्रिक मूल्य मान्यतामा आधारित विधिको शासन कायम गर्नसमेत जोडदार माग गर्दछ ।

गणेश वि.के.

अध्यक्ष

Thapagaon, New Baneshwor, P.O.Box: 9993, Kathmandu, Nepal, Phone/Fax: 4464192,
E-mail: alliance.humanrights@gmail.com, Website: www.hrallaince.org.np